आज मिति २०७७ साल माघ ११ गते आइतवारका दिन आमचोक गाँउपालिका अध्यक्ष श्री अशोक राईज्यूको अध्यक्षतामा बसेको गाउँकार्यपालिकाको वैठक तपशिल बमोजिम सदस्यज्यूहरुको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल र निर्णय गरी सञ्चालन गरियो ।

उपस्थिति

| सि.नं. | पद | नाम | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री अशोक राई | |
| २ | उपाध्यक्ष | श्री सीता राई | |
| ३ | सदस्य | श्री डम्बर बहादुर कार्की | |
| ४ | सदस्य | श्री भिम प्रसाद राई | |
| ५ | सदस्य | श्री गणेश बहादु खत्री | |
| ६ | सदस्य | श्री नेत्र वहादुर खत्री | |
| ७ | सदस्य | श्री राम प्रसाद राई | |
| ८ | सदस्य | श्री बम बहादुर बस्नेत | |
| ९ | सदस्य | श्री राज कुमार राई | |
| १० | सदस्य | श्री उदिमान श्रेष्ठ | |
| ११ | सदस्य | श्री बम बहादुर श्रेष्ठ | |
| १२ | सदस्य | श्री बालदिप राई | |
| १३ | सदस्य | श्री तुलसीमाया ठाडा मगर | |
| १४ | सदस्य | श्री पवित्र राई | |
| १५ | सदस्य | श्री शुकमाया राई | |
| १६ | सदस्य | श्री अमर बहादुर वि.क. | |
| १७ | सदस्य | श्री लक्ष्मण हायु | |
| १८ | सचिव | श्री याम बहादुर उपरकोटी | |
| १९ | तथ्यांक अधिकृत | श्री धन कुमार राई | |
| २० | प्रशासन अधिकृत(छैटौं) | श्री बाबुराम के.सी. | |
| २१. | लेखापाल/स. पाँचौं | श्री धनुप नेपाल | |

२२. कानेपाल पाँचौं श्री मोहन कुमार मरेवान

२३. लेखापाल सहायक(चौथो) श्री जनक ब. राई

प्र.- [illegible] ११०११४

१

**प्रस्तावहरुः**

१. लेखा समितिको प्रतिवेदन सम्वन्धमा
२. सजस्व परामर्श समितिको प्रतिवेदन सम्वन्धमा ।
३. जग्गा प्राप्ति सम्वन्धमा ।
४. यूपिएस खरिद सम्वन्धमा ।

**निर्णयहरुः-**

१. उपरोक्त प्रस्ताव नं, १ माथि छलफल भै आमचोक गाउँपालिकाको लेखा समितिको वैठकले निर्णय सहित पेश गरेको आलेप प्रतिवेदनअनुसार हुने गरि कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

२. उपरोक्त प्रस्ताव नं २ माथि छलफल भै स्थानिय राजस्व परामर्श समितको वैठकले आ.व. २०७८/०७९ का लागि आफ्नो कार्यक्षेत्र भित्र परिचालन गर्न सक्ने राजस्वका श्रोत, दायरा र दर समेतको विष्लेषण गरि आगामी आ.व. २०७८/०७९ मा प्राप्त हुनसक्ने राजस्वको अनुमान गरि पेश गरेको प्रतिवेदनलाई स्वीकृत गरि गाउँपालिकाको श्रोत अनुमान तथा वजेट सिमा निर्धारण समितिमा पेश गर्ने निर्णय गरियो ।

३. उपरोक्त प्रस्ताव नं ३ माथि छलफल भै आमचोक गाउँपालिकाको वडा नं -७ स्थित श्री शिक्षा ज्योति प्रा.वि.को नाममा जग्गादातावाट निःशुल्क जग्गादानका लागि आमचोक गाउँपालिका वडा नं ७ स्थायि ठेगाना हुने नविन राईको नाममा दर्ता श्रेस्ता रहेको आमचोक गाउँपालिका वडा नं ७ (साविक देवान्टार गा.वि.स) वडा नं ५ मा पर्ने कि.न. ३२५ क्षेत्रफल ११-४-२-० वाट २-८-०-० दूई रोपनी आठ आना र ऐ ऐ स्थायि ठेगाना हुने राज कुमार राईको नाममा दर्ता श्रेस्ता रहेको आमचोक गाउँपालिका वडा नं ७ (साविक-देवान्टार गा.वि.स) वडा नं ५ मा पर्ने कि.न. ३२६ को क्षेत्रफल २१-१५-३-२ वाट २-८-०-० दुई रोपनी आठआना गरी उल्लेखित जग्गादाता-२ वाट कुल ५-०-०-० पाँच रोपनी जग्गा निःशुल्क दानका रुपमा जग्गा रजिष्ट्रेसन पास गर्न इच्छुक भएकोमा विद्यालयको लागि आवश्यक भएको र उपयुक्त ठाउँमा समेत रहेकोले श्री शिक्षा ज्योति प्रा.वि. आमचोक -७ को नाममा प्राप्त गर्ने र नामासारीका लागि प्रक्रिया वढाउने गरियो ।

४. उपरोक्त प्रस्ताव नं ४ माथि छलफल भै आमचोक गाउँपालिकाका सवै वडा कार्यालयवाट प्रवाह गरिने सेवालाई प्रवाह गर्न इलेक्ट्रोनिक उपरकण- कम्प्यूटरका लागि USP थान-१० खरिद गर्ने निर्णय गरियो ।

प्रमाणित गरियो
प्र.अ.
२०७७/१०/११

२०७७/१०/११

प्रमुख प्रशासकीय अधिकृत

अशोक राई
अध्यक्ष

आमचोक गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बालङ्खा, भोजपुर
१ नं प्रदेश